# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, कार्तिक ८ गते, २०७३ साल ( संख्या ३४


## भाग ३

नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

<u>सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३</u>

नेपाल सरकारले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश,२०७३" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको सुरक्षण मुद्रण विकास समिति सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u> : (१) राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, बैङ्क नोट, स्मार्ट कार्ड, चेकबुक जस्ता सुरक्षण कागजात नेपालमा सुरक्षण मुद्रणका लागि सुरक्षण मुद्रण विकास समिति नामको एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-

(क) सचिव, सूचना तथा सञ्चार मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सहसचिव, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(घ) सहसचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(ङ) सहसचिव, गृह मन्त्रालय -सदस्य

(च) महानिर्देशक, मुद्रण विभाग -सदस्य

(छ) मान्यता प्राप्त विश्वविद्यालयबाट विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ्ग, वाणिज्यशास्त्र, आमसञ्चार वा सूचना प्रविधि विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र वाणिज्य, व्यवस्थापन, आमसञ्चार वासूचना प्रविधि सम्बन्धी कार्यमा कम्तीमा सात वर्षको अनुभव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको व्यक्तिमध्ये मन्त्रालयबाट मनोनीत एक जना महिला सहित दुई जना -सदस्य

(ज). कार्यकारी निर्देशक --सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यको पदावधि बढीमा चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा समितिको सिफारिसमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यसरी हटाउँदा निजलाई सफाइको मौका दिनु पर्नेछ ।

(५) समितिको कार्यावधि बढीमा पाँच वर्षको हुनेछ ।

४. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिले आवश्यक देखेमा सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सुरक्षण मुद्रण सम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) समितिको लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने,

(ग) सुरक्षण मुद्रणको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण गर्ने वा गराउने,

(घ) राहदानी, हुलाक टिकट, अन्त:शुल्क स्टिकर, बैङ्क नोट, स्मार्ट कार्ड, चेकबुक आदिको मुद्रणको लागि सुरक्षण प्रेसको स्थापना गरी सञ्चालन गर्ने,

(ङ) राहदानी र स्मार्ट कार्डहरूको पर्सनलाईजेसन गर्ने,

(च) समितिले प्रदान गर्ने सेवाको शुल्क निर्धारण गर्ने,

(छ) सुरक्षण मुद्रण सम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गर्ने वा गराउने,

(ज) सुरक्षण मुद्रण सम्बन्धी तालीम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(झ) अन्य आवश्यक कार्य गर्ने ।

६. <u>कार्यकारी निर्देशक</u> : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले मान्यता प्राप्त विश्वविद्यालयबाट विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ्ग, कानून, विकास प्रशासन, वाणिज्य, आमसञ्चार वा सूचना प्रविधि विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र उच्च व्यवस्थापकीय पदमा



484 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्तीमा दस वर्षको अनुभव भएको व्यक्तिमध्येबाट कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि समितिको कार्यावधिंको अधीनमा रही बढीमा पाँच वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा समितिको सिफारिसमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ । त्यसरी हटाउँदा निजलाई सफाइ पेस गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि मन्त्रालयले निजामती सेवाको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको कुनै कर्मचारीलाई कार्यकारी निर्देशकको रूपमा काम गर्न तोक्न सक्नेछ ।

७. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u> : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सुरक्षण मुद्रण सम्बन्धी नीति, योजना, कार्यक्रम तथा वार्षिक बजेट तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ख) समितिको स्वीकृत वार्षिक कार्यक्रम तथा योजना कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको काम, कारबाही सम्बन्धमा अन्य निकायसँग समन्वय गर्ने,

(घ) समितिको आर्थिक, प्रशासनिक लगायत दैनिक प्रशासन सञ्चालन गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ङ) समितिबाट अधिकार प्रत्यायोजन भए बमोजिमको कार्य गर्ने,

(च) समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) समितिको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेस गर्ने,

(ज) तोकिए बमोजिमका अन्य आवश्यक काम गर्ने ।

८. कर्मचारी सम्बन्धी व्यवस्था : (१) समितिमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारी नियुक्ति नभएसम्मका लागि मन्त्रालयले आवश्यकता अनुसार निजामती कर्मचारीलाई समितिमा काजमा खटाउन सक्नेछ ।

९. सेवा करारमा लिन सक्ने : समितिले प्रचलित कानून बमोजिम सेवा करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

१०. समितिको कोष : (१)समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) समितिको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट बेहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् -

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, सङ्घ, संस्था वा निकायबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(घ) प्रशिक्षण, तालीम, अध्ययन वा अनुसन्धान गरे बापत प्राप्त रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) समितिले आर्जन गरेको अन्य रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (३) को खण्ड (ग) बमोजिम विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट रकम प्राप्त गर्नु अघि समितिले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोषमा रहने रकम समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(६) समितिको कोषको सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र समितिको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

११. <u>लेखा तथा लेखापरीक्षण</u>: (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिमा तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) समितिको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. <u>अन्तर्राष्ट्रिय सहयोग लिन सक्ने</u> : समितिले नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार, व्यक्ति वा अन्तराष्ट्रिय सङ्घ, संस्थाबाट सुरक्षण मुद्रण सम्बन्धी यन्त्र, उपकरण तथा अन्य प्राविधिक सहयोग लिन सक्नेछ ।

१३. <u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने</u> : समितिले गरेको कामको विवरण उल्लेख गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेछ ।

१४. <u>उपसमिति</u> : (१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

१५. <u>अधिकार प्रत्यायोजन</u> : समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार समितिको कुनै सदस्य, उपसमिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. <u>बैठक भत्ता वा अन्य सुविधा</u> : समिति वा उपसमितिका सदस्यले नेपाल सरकारले तोके बमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१७. <u>निर्देशन दिन सक्ने</u> : (१) मन्त्रालयले यस आदेशको कार्यान्वयनको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१८. <u>नेपाल सरकारसँग सम्पर्क</u> : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. <u>समितिको कार्यालय र नाम</u> : (१) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) समितिको कार्यालय सुरक्षण मुद्रण केन्द्रको नामबाट प्रचलित हुनेछ ।

२०. <u>विनियम तथा निर्देशिका बनाउन सक्ने</u> : (१) समितिले यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यकता अनुसार विनियम तथा निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम तथा निर्देशिका मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

आज्ञाले,
**किशोर जंग कार्की**
नेपाल सरकारको नि.सचिव



मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मुल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।६३

488 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, चैत्र ७ गते, २०७३ साल (संख्या ६०


## भाग ३

नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

<u>सुरक्षण मुद्रण विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३</u>

सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस आदेशको नाम सुरक्षण मुद्रण विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ६ मा संशोधन</u>: सुरक्षण मुद्रण विकास समिति (गठन)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदेश २०७३ को दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) नेपाल सरकारले मान्यता प्राप्त विश्वविध्यालयबाट विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ्ग, कानून, विकास प्रशासन, वाणिज्य, आमसञ्चार वा सूचना प्रविधि विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको र व्यवस्थापकीय पदमा कम्तीमा सात वर्षको अनुभव भएको व्यक्तिमध्येबाट खुला प्रतिस्पर्धाको आधारमा कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।"

**आज्ञाले,**
**महेन्द्रमान गुरुङ्ग**
**नेपाल सरकारको सचिव**



१०३२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।